L S CAPITAL
लक्ष्मी सनराइज क्यापिटल लिमिटेड
A Wholly Owned Subsidiary of Laxmi Sunrise Bank

अनुसूची – १५

(धितोपत्रको केन्द्रिय निक्षेप सेवा विनियमावली, २०६८ को विनियम २० को उपविनियम ३ संग सम्बन्धित)

# निक्षेप सदस्य र हितग्राही व्यक्ति वा संस्थाबीचको सम्झौता

..........................., काठमाडौं स्थित कार्यालय रहेको लक्ष्मी सनराइज क्यापिटल लि. (बैधानिक अस्तित्व भएको निकायको विवरण) (यसपछि "सदस्य" भनिएको प्रथम पक्ष र ................................................... स्थित कार्यालय रहेका ..............................................(बैधानिक अस्तित्व भएको निकायको विवरण) यसपछि "हितग्राही" भनिएको दोश्रो पक्ष बीच देहायका शर्तहरू पालना गर्ने सहमतिसाथ यो सम्झौता गरिएको छ।

१. **सामान्य प्रावधान**: यस सम्झौताका पक्षहरु धितोपत्रको केन्द्रिय निक्षेप सेवा नियमावली, २०६८ को व्यवस्था र सिडिएससिले समयसमयमा जारी गरेका विनियमलाई यसै सम्झौतामा उल्लेख भए सरह र यसै सम्झौताको हिस्साको रूपमा पालना गर्न सहमत छौं ।

२. **रकम असुल उपर**: हितग्राहीले सदस्यलाई तिर्नुपर्ने रकम तोकिएको मितिभित्र बुझाउनु पर्नेछ ।साथै हितग्राही खाताको वार्षिक नवीकरण शुल्क सम्बन्धित हितग्राही खातावालको उल्लेखित बैंक तथा वित्तिय संस्थाको खाताबाट कट्टी गर्न हितग्राही खातावाल मञ्जुर गर्दछ ।

३. **खाताको फाँटवारी (स्टेटमेन्ट)**: सदस्यले हरेक तीन महिनाको अन्तमा हितग्राहीलाई निजका खाताको फाँटवारी प्रदान गर्नेछ ।तर यस अवधिमा कुनै कारोबार नभएमा खाताको फाँटवारी दिनु पर्ने छैन ।

४. **विवरणमा भएका परिवर्तनहरुबारे हितग्राहीले सूचित गर्नुपर्ने**: हितग्राहीले सुचित गरेको अवस्था बाहेक, हितग्राहीले विवरणमा भएको परिवर्तन सदस्यलाई जानकारी नगराएको कारणबाट हितग्राहीलाई हुन सक्ने कुनै हानी उपर सदस्य उत्तरदायी वा जिम्मेवार हुनेछैन।

५. **हितग्राहीको दावीप्रति निक्षेप सदस्य उत्तरदायी नहुने**: सुरक्षणका लागि हितग्राहीको खाताबाट खर्च लेखिएको/क्रेडिट गरिएको तेस्रो पक्षका दावी अदालत वा राजस्व निकायबाट तोकिएको वा भान भएको कुनै शुल्क, दस्तुर, कर प्रति सिडिएससि तथा सदस्य उत्तरदायी हुने छैनन् ।

६. प्रत्येक हितग्राही निम्न कुरामा विशेष रुपले जिम्मेवार हुनेछ ।
(क) निक्षेप सदस्यसंग भएको सम्झौता र खाता खोल्दाको विवरणहरु तथा तथ्य सम्बन्धमा
(ख) निक्षेप सदस्यसँग खाता खोल्दा पेश गरेका लिखतको अधिकारीकता र सत्यता सम्बन्धमा,
(ग) निक्षेप सदस्यबाट प्रत्येक कारोबार निर्देशन बमोजिम खाताबाट घटाएको र थपेको कुराका सुनिश्चित गर्ने,
(घ) हितग्राहीको खातामा भएको परिवर्तनका विवरण सम्बन्धमा जस्तैः ठेगाना, बैंक विवरण स्थिति अख्तियारी, आदेश मनोनयन दस्तखत आदि,
(ङ) कुनैपनि निष्काशित धितोपत्र खरिद गरेकोमा सो को सत्य विवरण ।

७. **आधिकारीक प्रतिनिधि**: हितग्राही सङ्गठित संस्था वा कानूनी व्यक्ति भएमा त्यस्तो संस्था वा व्यक्तिको तर्फबाट प्रतिनिधित्व गर्ने अख्तियार प्राप्त व्यक्तिले सदस्यसंगको सम्झौता क्रियान्वित गर्नेछन् । प्रतिनिधिको हेरफेर वा अन्य कुनै किसिमको परिवर्तत भएमा हितग्राहीले सदस्यलाई तुरुन्त जानकारी गराउनेछ ।

८. **सम्झौता रद्द गर्ने**: विनियमावली तथा सञ्चालन निर्देशिकामा उल्लेख गरिएअनुसारका शर्तबन्देजको अधिनमा रही पक्षहरूले यो सम्झौता जुनसुकै समयमा रद्द गर्न सक्नेछन् । कुनै पनि पक्षले सम्झौता रद्द गरेमा हितग्राहीको खातामा भएका धितोपत्रहरूलाई सोही हितग्राहीको निर्देशन बमोजिम सदस्यले व्यवस्थापन गर्नेछ ।

९. **काबुबाहिरको परिस्थिति**: यस सम्झौता वा विनियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि आँधी, तुफान, बाढी, चट्याँङ, भुँईचालो, आगलागी, विस्फोटन वा दैवी प्रकोप, युद्ध, विद्रोह, क्रान्ति, हुलदंगा, निषेधाज्ञा, नाकाबन्दी, अवरोध, दंगा, नागरिक कलह, हडताल, तालाबन्दी, बहिस्कार, कुनै उपयोगी सेवामा अवरोधजस्ता मजदुर कारवाही वा अशान्ति, शत्रुको कारवाही, अपराधिक षडयन्त्र, आतंककारीको गतिविधि वा तोडफोड, विध्वंस, प्रणालीमा गडबडी, अनाहक प्रवेश वा प्रतिकार गर्न नसकिने अन्य कुनै शक्ति वा बाध्यतालगायत काबु वा नियन्त्रणबाहिरका घटनाद्वारा यस सम्झौता अन्तर्गतको दायित्वमा कुनै कार्य सम्पादन नगरेको, विलम्ब गरेको वा उल्लंघन भएकोमा कुनै एक पक्षलाई हुन गएको हानीनोक्सानी, क्षतिको सोधभर्ना वा क्षतिपुर्ति दिन अर्को पक्ष उत्तरदायी हुनेछैन ।

१०. **जनाउ**: यस सम्झौताअनुसार दिइने अथवा आवश्यक हुने कुनै पनि जनाउ वा सञ्चार लिखित रुपमा र प्रापकको हालसालको ठेगानामा नपठाएसम्म बन्धनकारी हुनेछैन ।

११. **विवादको समाधान**: पक्षहरूका बीचमा उत्पन्न हुन सक्ने विवाद तथा भिन्नताका सम्बन्धमा विनियमावलीमा तोकिएअनुसारको मध्यस्थता समितिको व्यवस्था यस सम्झौताका पक्षहरूलाई पनि लागु हुनेछ ।

१२. **नियमनकारी कानून**: यो सम्झौता प्रचलित नेपाल कानूनद्वारा नियमन तथा व्याख्या हुनेछ ।

| | |
|---|---|
| **सम्झौताका प्रथम पक्षः** | **सम्झौताका दोश्रो पक्षः** |
| निक्षेप सदस्यको तर्फबाट अधिकार प्राप्त | हितग्राहीको तर्फबाट अधिकार प्राप्त |
| व्यक्तिको नामः लक्ष्मी सनराइज क्यापिटल लि. | ✓ व्यक्तिको नामः Ram Thapa |
| दस्तखतः | ✓ दस्तखतः [signature] |
| कम्पनीको छापः | कम्पनीको छापः |

| | |
|---|---|
| साक्षी | साक्षी |
| १............................................................ | १............................................................ ✓ |

मितिः ..............................साल..............................महिना......................गते.....................रोज शुभम् ।